शैक्षिक जनशक्ति विकास परिषदबाट

स्वीकृत मिति: २०७३/११/१२

# प्रअ नेतृत्व क्षमता विकास तालिम पाठ्यक्रम

**फागुन, २०७३**

स्वीकृति मिति: १२ फागुन २०७३

**नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

**शैक्षिक जनशक्ति विकास केन्द्र,**

**सानोठिमी**

शैक्षिक जनशक्ति विकास परिषदबाट स्वीकृत मिति: २०७३/११/१२

## प्राक्कथन

शिक्षा मन्त्रालयको सिङ्गो प्रणालीअन्तर्गत कार्यरत सबैखाले जनशक्ति-शिक्षा प्रशासक, प्रधानाध्यापक, शिक्षक वर्गको पेसागत क्षमता विकास गर्नु शैक्षिक जनशक्ति विकास केन्द्र (National Center for Educational Development-NCED) को वैधानिक दायित्व रहिआएको छ ।

समकालीन विश्वपरिवेशतथा राष्ट्रिय आवश्यकता अनुकूल दिनानुदिन सुधारिएको हाम्रो शिक्षा व्यवस्थालाई उच्च जनसन्तुष्टि महशुस हुनेगरी सुचारु राख्नका निमित्त अत्याधुनिक क्षमतायुक्त जनशक्ति तयार गर्न यस केन्द्रले आफ्नो भूमिकालाई हमेशा गतिशील बनाएको छ । यसै श्रृङ्खलामा शिक्षा मन्त्रालयको पछिल्लो सुधार अभियान स्वरुप यसै आर्थिक २०७३/०७४ वर्षबाट कार्यान्वयन प्रारम्भ भएको विद्यालय क्षेत्र विकास योजना {School Sector Development Plan (SSDP) 2016-2023}द्वारा अपेक्षित विद्यालय व्यवस्थापन सञ्चालन गर्न क्षमतावान् प्रधानाध्यापक (प्रअ) तयार गर्ने उद्देश्यलेएक महिना अवधिको प्रअ नेतृत्व क्षमता विकास(Leadership capacity building) तालिमपाठ्यक्रम, २०७३ तयार गरिएको छ ।

विद्यालय शिक्षाको नयाँ संरचना अनुसार आधारभूत र माध्यमिक गरी दुवैतहका हालसम्म तालिम अप्राप्त सबै प्रअलाई यस योजना अवधिभरमा (आगामी सात वर्ष) तालिम प्रदान गरिसक्ने लक्ष राखिएको छ ।यस पाठ्यक्रमका आधारमा प्रशिक्षक मार्गदर्शन र प्रशिक्षार्थीका लागि अध्ययन सामग्रीलाई एकीकृत गरी तयार गरिएको बृहत तालिम प्याकेज (Comprehensive training manual) प्रत्येक प्रशिक्षार्थीलाई उपलब्ध गराएर मात्र तालिम सञ्चालन गर्ने पद्धति स्थापित गरिएको छ । परीक्षण कार्यान्वयनसहित चालू आर्थिक वर्षबाटै यो तालिम सञ्चालन व्यवस्था मिलाइएको छ ।

यस तालिम पाठ्यक्रम विकासका क्रममा विश्वव्यापी विधिहरु अनुसरण गरिएको छ । आवश्यकता विश्लेषण, परामर्श, सान्दर्भिक साहित्य अध्ययन मनन तथा फिल्ड परीक्षण जस्ता कार्यलाई पाठ्यक्रम सिर्जनाका मुख्य आधारशिला बनाइएको छ ।

प्रअ तालिम पाठ्यक्रम जस्तो उच्चस्तरको प्राज्ञिक एवम् व्यावसायिक कार्यमा कठोर साधनासहित निरन्तर क्रियाशील यस केन्द्रका लेखन टिमलाई हार्दिक धन्यबाद दिन चाहन्छु । यस दस्ताबेजको विकासका क्रममा अमूल्य ज्ञान, अन्तर्दृष्टि तथा हौसला प्रदान गर्ने तमाम विद्वान महानुभाव उल्लेख्य धन्यवादका पात्र हुनुहुन्छ ।

यो पाठ्यक्रम उच्च साधना तथा शिक्षा प्रणालीप्रति उच्च दायित्व बोधको उपज भएको गतिशील दस्तावेज हो । यसर्थ कार्यान्वयन निकाय, उपभोक्ता वर्ग तथा सरोकारवालाको इमान्दार पृष्ठपोषण, अग्रपोषण र रचनात्मक सुझावका आधारमा यसलाई थप उपयोगी तुल्याउन आवश्यक परिमार्जन गरिने प्रतिवद्धता व्यक्त गर्दछु ।

कार्यकारी निर्देशक

शैक्षिक जनशक्ति विकास केन्द्र

फाल्गुण २०७३

# विषयसूची


| क्र. सं. | विषयबस्तु | पेज नम्बर |
|---|---|---|
| १ | प्राक्कथन | १ |
| ३ | विषयसूची | २ |
| २ | सन्दर्भ तथा तालिमको आवशयक्ता | ३-५ |
| ३ | तालिमको लक्ष तथा उद्धेश्य | ५ |
| ४ | तालिमका सक्षमता | ५-६ |
| ५ | तालिमको संरचना | ६-७ |
| ६ | तालिम पाठ्यक्रम | ८-१२ |
| ७ | तालिम कार्यान्वयन कार्यविधि | १२-१४ |
| ८ | परियोजना कार्य | १३-१८ |


नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

शैक्षिक जनशक्ति विकास परिषदबाट स्वीकृत मिति: २०७३/११/१२

## १. सन्दर्भ तथा तालिमको आवश्यक्ता

नेपालमा पछिल्ला दिनमा राज्यका कानून एवम् नीतिका नवीनतम प्रावधान दृष्टिगत गर्दा विद्यालयमा प्रधानाध्यापक(प्रअ)को भूमिका अझबढी आधुनिक र बहुआयामिक बन्दै गएको पाइन्छ ।

***कानून र नीतिको अपेक्षा***

माध्यमिक तहसम्मको शिक्षालाई सुविधाका रुपमा नभई नागरिक हकका रुपमा स्थापित गर्दै राज्यका तर्फबाट सरकार, समुदायर विद्यालयले दायित्व बहन गर्नुपर्ने वैधानिक व्यवस्था घोषित छ ( विसं २०७२ सालमा जारी नेपालको संविधान) । विद्यालयशिक्षाको पुनर्संरचनाबाट प्रारम्भिक बालशिक्षादेखि कक्षा-८ सम्म आधारभूत शिक्षा र कक्षा-९ देखि कक्षा-१२ सम्म माध्यमिक शिक्षा कायम गरी समग्र विद्यालयव्यवस्थापनको दायरामा नयाँ आयाम थपिएको छ (शिक्षा ऐन २०२८ को आठौँ संशोधन, २०७३) ।विद्यमान कानून अनुसार चालुरहेका आम सामुदायिक विद्यालय,आवासीय विद्यालय, प्राविधिक धारका विद्यालय, समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालय, संस्थागत विद्यालय, नमूना विद्यालय, धार्मिक विद्यालय, खुला विद्यालय, संस्कृत विद्यालय आदि प्रकारका विद्यालयमा प्रयुक्त हुने विशिष्ट प्रकारकोव्यवस्थापन प्रणाली र आवश्यकताले प्रअबाट विविधतायुक्त क्रियाशीलताको अपेक्षा गर्दछ । शिक्षा नियमावली २०५९ द्वारा प्रअका लागि जम्मा ३१ वटा काम, कर्तव्य(Terms of reference-TOR) तोकिएको छ भने अन्य निर्देशिका तथा योजना दस्तावेजले थप दर्जनौँ (२० वटाभन्दा बढी) जिम्मेवारी प्रदान गरेको छ ।

शैक्षिक प्रशासनमा निरन्तर नवप्रवर्तन एवम् सुशासनलाई संस्थागत गर्नु, विद्यालयमा गुणस्तर मानक लागू गर्नु, प्रअसँग कार्यसम्पादन करारको व्यवस्था लागू गर्नु तथा निजीर सामुदायिक विद्यालयबीचको गुणस्तर अन्तर न्यूनीकरण गर्नु सरकारको नीतिगत प्राथमिकता बनेको छ(चौधौँ योजनाको अवधारणा पत्र, २०७३) । विद्यालयमा हालको कुल दरबन्दी संख्यामा नबढ्नेगरी अलग्गै प्रअ पदको व्यवस्था गर्ने तथा अध्ययन अध्यापनको सम्पूर्ण चरणमा सामाजिक परीक्षण गरी प्रअलाई अझबढी जवाफदेही बनाउन सरकार कठोर प्रतिज्ञ छ (वार्षिक वजेट २०७३/७४) । साथै यसै बजेटवक्तव्य मार्फत प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि(Information communication and technology-ICT) पूर्वाधार विकास गरी अन्तरक्रियात्मक विद्धुतीय शिक्षण सिकाइ (Virtual teaching) पद्धति विस्तार गर्ने सरकारले बजेट सहित कार्यान्वयन अगाडि बढेको छ ।

भूकम्प प्रभावित विद्यालयको समूल पुनर्निर्माण गर्ने, विद्यालयमा सूत्रमा आधारित विविध प्रकारका अनुदान निकासा गर्ने तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताका रुपमा दीगो विकासका लक्ष (Sustainable development goals) पूरा गर्न स्वायत्ततापूर्वक शिक्षण सिकाइ सञ्चालन गर्ने सरकारको नवीनतम नीतिले प्रअको स्रोत परिचालन भूमिकामा ह्वात्तै बढोत्तरी ल्याएको छ {School sector development (SSDP), 2016-2023} ।

***अभिभावकको चाहना***

केहीवर्ष अघिदेखि सामुदायिक विद्यालय शिक्षामा देखिएकोआम विश्वसनीयताको घट्दो प्रवृत्तिलाई सम्वोधन गरी विकशित देशमा जस्तै सामुदायिक शिक्षालाई सबै नागरिकको उत्तम छनोट(Best choice) बनाउन अन्य पक्षको महत्त्व रहे तापनि प्रअ नै केन्द्रीय भूमिकामा रहेकाले यसलाई पुनर्संरचित तथा स्तरीकृत गर्न आवश्यक छभन्ने अभिभावकको चाहाना पाइन्छ ।

***प्रअ नियुक्तिव्यवस्था***

आधुनिक परिवेशमा बहुआयामिक दायित्वको जिम्मा लिने पदाधिकारीका रुपमा विद्यालयका प्रअको वैधानिक प्रबन्धलाई गहन मनन गर्नैपर्छ । शिक्षा नियमावली, २०५९ नियम ९३ (८) बमोजिम वरिष्ठतम र योग्यतम शिक्षकलाई जिल्ला शिक्षा अधिकारीले ५ वर्ष अवधिका लागि करारमा नियुक्ति गर्ने व्यवस्था भए तापनि देशभरमा यस्ता प्रअको संख्या सरदर १५% मात्र रहेकोछ । अधिकांशविद्यालयमा (>८५%) नियम ९३ (१२) बमोजिम कार्यरतमध्येवरिष्ठ शिक्षकलाई विद्यालयव्यवस्थापन समिति (विव्यस) बाट 'निमित्त' तोकिएका कामचलाउ प्रअबाट कार्यसम्पादननिर्वाह भइरहेको छ ।

शिक्षकमध्येबाट प्रअ बनाउने कानूनी व्यवस्था भएकाले विद्यालयमा कुनै एक मूल विषयमा स्नातक वा स्नातकोत्तर गरेको विषयगत शिक्षकनै प्रअ तोकिन सक्ने तर कुनै व्यवस्थापन एवम् योजना विषयमा पूर्वसेवाकालीन तालिम वा डिग्रीप्राप्त व्यक्ति प्रअ बन्ने सम्भावनाशुन्यप्राय:छ । यस्तो अवस्थामा सेवारत प्रअलाई सघनरुपमा सेवाकालीन व्यवस्थापकीय तालिम प्रदान गरी अपेक्षित कार्य फच्यौंट गराउने विकल्पमात्र सरकारसँग बाँकी रहन्छ ।

***विगतको तालिम व्यवस्था***

ऐतिहासिक रुपमा पछिल्लो अभ्यासमा प्रअको नेतृत्व क्षमता विकासका लागि शिक्षक शिक्षा आयोजना (Teacher Education Project 2002-2007), माध्यमिक शिक्षा विकास कार्यक्रम (Secondary Education Support Program 2003-2008) तथा विद्यालय क्षेत्र सुधार कार्यक्रम (School Sector Reform Program 2009-2015 अन्तर्गत १-महिने प्रअ व्यवस्थापन तालिमलाई व्यापक तुल्याइयो । परिणामस्वरुप हालसम्म देशभरका माध्यमिक तथा आधारभूत तहका प्रअमध्ये सरदर ७०% प्रअ जनशक्तिलाई तालिम प्राप्त गराउन सफलता मिलिसकेको छ ।

विगत दुई वर्षदेखि स्थायी शिक्षकको नियुक्तिमा तिव्रता ल्याइएकाले साविकमा तालिम प्राप्त प्रअलाई नयाँ तालिम अप्राप्त प्रअले विस्थापित गरेको तथा अन्य व्यावहारिक एवम् कानूनी कारणबाट नयाँ प्रअको संख्या थपिने प्रवृत्ति उच्च रहेको तथ्याङ्क प्रक्षेपणका आधारमा दुवै तहमा तत्काल नै सरदर ३०% प्रअलाई नयाँ तालिम कोर्षबाट सम्बोधन गर्नुपर्ने टड्कारो आवश्यकता छ । साथै आगामी सात वर्षसम्मका लागि विद्यालय क्षेत्रको मूल कार्यक्रम (Mainstream program) स्वरुप कार्यान्वयनमा रहेकोSSDP द्वारा निर्धारित लक्षबमोजिम छनोट गरिने २०० वटा नमूना माध्यमिक विद्यालयका प्रअ तथा २४० वटा प्राविधिक धारका माध्यमिक विद्यालय प्रअ यस तालिमका थप लक्षित समूह बनेका छन् ।

यसरी एकातिर लक्षित प्रअ जनशक्तिलाई तालिमको पहुँच सुनिश्चित गर्नुपर्ने छ भने अर्कातिर विद्यालयव्यवस्थापनमा पछिल्ला कालखण्डबाट थपिएका परिवर्तित आयामहरुलाई सम्बोधन गर्नसक्ने सर्वथा आधुनिक,बहुआयामिक तथा गतिशील तालिम कार्यक्रम विकास गर्नुपर्ने दायित्व बढेको छ । तसर्थ, सरकारको यस्तो दायित्व पूरागर्न शैक्षिक जनशक्ति विकास केन्द्रले प्रस्तुत प्रअ नेतृत्व क्षमता विकास तालिम (HT leadership capacity building training) पाठ्यक्रम विकास गरी आर्थिक वर्ष २०७३/७४ देखि कार्यान्वयन गर्ने प्रबन्ध मिलाइएको छ ।

यस तालिम कोर्ष विकासका सिलसिलामा विभिन्न प्रकारका विधि एवम् प्रयास अवलम्वन गरिएको छ । विगतमा सञ्चालित यस्ता तालिम कार्यक्रमको प्रभाव, आलोचना तथा सीमितताका उपलब्ध प्रमाणलाई गहिरो अध्ययन र मनन गरियो । ताजा आवश्यकताविश्लेषणका लागि स्थलगत भ्रमण, विभिन्न सरोकारवालासँग अन्तरक्रिया, विज्ञ समूहसँग परामर्श तथा सान्दर्भिक दस्तावेज अध्ययन गरियो । यसका अतिरिक्त अन्तर्राष्ट्रिय परिवेशमा प्रयुक्त तालिमका विविध मोडेल संश्लेषण र अनुसरण गर्ने कामलाई पनि त्यत्तिकै महत्त्व दिइयो । साथैमस्यौदा तालिम पाठ्यक्रम २९ वटा समूहमा परीक्षण सञ्चालन गरी त्यसबाट प्राप्त सिकाइ एवम् अनुभवलाई एकीकृत गर्ने प्रयत्न गरिएको छ ।

## २. तालिमको लक्ष तथा उद्देश्य

विद्यालय व्यवस्थापनको परिबर्तित परिबेशमा आधुनिक र बहुआयामिक क्षमताले सजिएका प्रधानाध्यापक विकास गर्नु यस तालिमको शास्वत लक्ष्य रहेको छ । प्रस्तुत तालिम सञ्चालनका क्रममा विभिन्न प्रकारका विषयवस्तुमा प्रशिक्षण र अभ्यासका मार्फत प्रशिक्षार्थी प्रअमा देहायबमोजिमका ज्ञान, सीप र आत्मविश्वास अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ:

क। शैक्षणिक नेतृत्वका प्रभावकारी व्यवहारसंरचना तथा सीप विकास गर्ने ।
ख। विद्यालय सञ्चालनका निमित्त समग्र व्यवस्थापकीय कार्य सम्पादन सीप विकास गर्ने ।
ग। पेसागत जवाफदेहिता बढोत्तरीका निमित्त विविध तौरतरिका एवम् सीप प्रदान गर्ने ।
घ। विद्यालयलाई उत्कृष्ट प्राज्ञिक थलो तुल्याउन पर्याप्त स्रोत साधन पहिचान र परिचालन गर्ने सीप विकास गर्ने ।

## ३. तालिमका सक्षमता

प्रस्तुत तालिम पाठ्यक्रमको कार्यान्वयनबाट प्रशिक्षार्थीमा निम्नानुसारका सक्षमता (Competencies)विकास गरी सुधारिएको कार्यसम्पादनका निमित्त तयार गर्ने लक्ष राखिएको छ :

क. विद्यालयका लागि उपयोगी नेतृत्व व्यवहार, कार्य र शैली प्रदर्शन ।
ख. स्वायत्तापूर्बक कार्य सञ्चालन (act with autonomy)
ग. विविधतायुक्त समुहहरुसँग अन्तरक्रिया सम्पादन (interact with heterogenous groups)
घ. विद्यालय व्यवस्थापनका मार्गदर्शक सिद्धान्त, मोडेल तथा कानूनी प्रबन्धको ब्याख्या ।
ङ. व्यवस्थापनका सामयिक आयाम सम्वोधन गर्ने सीप विकास ।

च. विद्यालयमा लगानीका सैद्धान्तिक मान्यताको आत्मसातीकरण ।

छ. विद्यालयका लागि आर्थिक स्रोत संकलन, बजेट तर्जुमा, लेखापालनका सबै कार्यचरण सम्पादन, पारदर्शी व्यवस्थापन, लेखापरीक्षण तथा प्रतिफल विश्लेषण ।

ज. प्रत्येक विद्यार्थीका लागिपाठ्यक्रममा निर्दिष्ट विषयगत सिकाइ उपलब्धि हासिल गर्न अनुकुल शैक्षणिक प्रबन्ध ।

झ. कुशल व्यवस्थापनका लागि उपलब्ध ज्ञान र प्रविधिको उच्चतम प्रयोग ।

ञ. शिक्षक र कर्मचारीको कार्य क्षमता बढाउन निरन्तर पेशागत विकास स्किम अवलम्वन ।

ट. विद्यालयको संस्थागत विकास र प्राज्ञिक विश्वसनीयता वृद्धिका निमित्त सहकार्य र समन्वय ।

ठ. विद्यालयमा नियन्त्रणमुखी र सहजीकृत प्रशासनको औचित्यपूर्ण प्रयोग ।

ड. विद्यालय विकास प्रस्ताव निर्माण तथा कार्यान्वयन सीप विकास ।

ढ. शिक्षण सिकाइ सुधार प्रयोजनका लागि कार्यमूलक अनुसन्धान सञ्चालन र नवप्रवर्तन अनुसरण ।

ण. स्थानीय शिक्षा योजना र संस्थागत योजनाका रुपमा विद्यालय सुधार योजना निर्माण ।

त. विभिन्न प्रकारका विद्यार्थी मूल्याङ्कन विधिको प्रयोग ।

थ. मूल्याङ्कनका साधन निर्माण, नतिजा विश्लेषण र सुधारात्मक शिक्षण योजना तर्जुमा ।

द. स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गतिशिलता पहिचान ।

ध. वालमैत्री विद्यालयको अवधारणा अनुरुप पठनपाठनको वातावरण श्रृजनाको सीप विकास ।

न. विद्यार्थीको विविधिकृत आवश्यक्ता संवोधन तथा प्रतिभा प्रबर्धनका लागि उपयुक्त अतिरिक्त कार्यकलाप योजना निर्माण ।

ऩ. विद्यालय सुपरीवेक्षणको आवश्यक्ता पहिचान तथा शिक्षा कार्यालयमा उपलव्ध सुपरीवेक्षण सुविधाको उपयोग रणनीति तर्जुमा ।

प. प्रअ पदको गरिमाका आधारमा स्वमूल्याङ्कन र सदाचारयुक्त पेशागत जीवनलाई आवश्यक दार्शनिक मूल्य-मान्यता पहिचान तथा अनुसरणको सीप विकास ।

प. उच्च नैतिक आचरणरउच्च जवाफदेहिता अनुसरण गर्न अपरिहार्य तौरतरिका निर्माण ।


## ४. तालिमको संरचना

क. यो तालिमलाई ३० कार्य दिन र २ चरणमा विभाजन गरिएको छ । प्रथम चरण १५ दिन अवधिको हुने र यसको पहिलो खण्ड १० दिनको तालिम-कार्यशाला (Training-workshop) ढाँचामा फेसटुफेस मोडबाटसम्बन्धित तालिम केन्द्रमा सञ्चालन हुनेछ । यसको दोस्रो खण्ड ५ दिन अवधिको स्वाध्याय अभ्यास (Self-study exercise) ढाँचामा आधारित हुनेछ । दोस्रो चरणको १५ दिन अवधिको तालिम पनि यस्तै १० दिनको तालिम-कार्यशाला र ५ दिन अवधिको स्वाध्याय अभ्यास ढाँचामा आधारित हुनेछ ।

ख. प्रत्येक चरणको ५दिने स्वाध्याय अभ्यास ढाँचा अन्तर्गत प्रशिक्षार्थीले आफू कार्यरत विद्यालयमा आधारित भई ४ वटा परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ

। परियोजना कार्यको सवै प्रतिवेदन प्रत्येक चरण पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र शैक्षिक तालिम केन्द्रमा अनिवार्य रुपमा पेस गर्नु पर्नेछ । यसमा मूलत: १० दिने तालिम कार्यशाला खण्डमा सिकाइएका सैद्धान्तिक ज्ञान तथा सीपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र प्रवर्धनात्मक क्षमता प्रदर्शन गर्न उपयुक्त परियोजना कार्य (Project work) तोकिने छ ।

ग. विषयवस्तुका दृष्टिले पहिलो चरणमा मुलत: प्रअको नेतृत्व क्षमता विकासका लागि आधारभूतरुपमा आवश्यक पर्ने समष्टिगत विषय क्षेत्रलाई समावेश गरिएको छ । यसमा समग्र विद्यालय नेतृत्व कार्य सञ्चालनका लागि सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप र आत्मविश्वास अभिवृद्धि गर्ने विषयवस्तु संयोजन गरिएको छ । दोस्रो चरणमा विद्यालय व्यवस्थापनका उच्च प्राथमिकतायुक्त (Prioritized), कार्यमूलक (Functional) र दैनिक सुधारात्मक (Recurrent) विषयवस्तु समावेश गरिएको छ । दुवै चरणका लागि अलगअलग र विशिष्ट विषय क्षेत्र निर्धारण गरिएको छ ।



## ५. तालिम पाठ्यक्रम

तालिमका निर्धारित उद्देश्य, सक्षमता तथा संरचनासँग अनुकूलित विषय समेटी पाठ्यक्रमको ढाँचामा विषयवस्तु र खुद तालिम घण्टा संयोजन गरिएको छ ।

**प्रथम चरण**

| क्र. स. | विषय क्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| १ | नेतृत्वविकास | ♣ विद्यालयमा उपयोगी नेतृत्वका सिद्धान्त, व्यवहार, शैली र कार्य{शैक्षणिक (instructional), रुपान्तरित (transformative), विनिमय (transactional), अन्तरक्रियात्मक (interactive) र समावेशी (inclusive)}संश्लेषणतथा बर्गीकृत कार्यसूची ।<br>♣ विद्यालयीय परिवेशमा व्यवस्थापनका मुख्य कार्य(योजना, सङ्गठन, जनशक्ति व्यवस्था, निर्देशन, नियन्त्रण र स्रोत प्रबन्ध) समीक्षा तथा प्रअका व्यवस्थापकीय कार्यसूची ।<br>♣ विद्यालयमा व्यवस्थापन सीप {नीतिगत (conceptual), मानवीय (human) र प्राविधिक (technical)} प्रदर्शनका तौरतरिका ।<br>♣ विद्यालय सञ्चालनमा अत्यावश्यक व्यवस्थापकीय भूमिका {अन्तरबैयक्तिक (interpersonal), सूचना प्रवाह (informational) तथा निर्णयन (decisional)} विश्लेषण<br>♣ विद्यालय व्यवस्थापनका समसामयिक आयाम(विविधता व्यवस्थापन, विपद वस्थापन, द्वन्द्व व्यवस्थापन, स्व: व्यवस्थापन, गुनासो व्यवस्थापन आदि) का अन्तर्निहीत मर्ममा आधारित प्रअका लागि जरुरी कार्यसूची ।<br>♣ विद्यालय व्यवस्थापनका सान्दर्भिक कानूनी प्रावधान समीक्षा (विद्यालय व्यवस्थापनका मोडेल, संविधान, ऐन, नियम, निर्देशिका आदि) ।<br>♣ शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता, राष्ट्रिय नीति तथा योजनाका व्यवस्था लेखाजोखा {दीगो विकासका लक्ष्य (SDG 2016-2030), विद्यालय क्षेत्र विकास योजना (SSDP 2016-2023), आवधिक योजना र वार्षिक वजेट वक्तव्ये<br>♣ स्थानीय शिक्षा योजनाका रुपमा विद्यालय सुधार योजना तर्जुमा तथा कार्यान्वयन ढाँचा । | ७ |
| २ | आर्थिक व्यवस्था | ♣ विद्यालय शिक्षामा लगानीका सैद्धान्तिक मान्यता र शैली (मोडालिटी) विश्लेषण । | ४ |

| क्र. स. | विषय क्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | ♣ आर्थिक ऐन, नियम, निर्देशिका, कार्यविधि र कार्यक्रम कार्यान्वयन पुस्तिकाका सान्दर्भिक प्रावधान संश्लेषण<br>♣ वजेट तर्जुमा, लेखापालन, लेखापरीक्षण तथा सामाजिक परीक्षणसञ्चालन कार्यविधि<br>♣ विद्यालय विकासका लागि दीगो स्रोत पहिचान र परिचालन<br>♣ आर्थिक पारदर्शिता र जवाफदेहिताका तौरतरिका | |
| ३ | शैक्षणिक प्रबन्ध | ♣ विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग र विश्लेषण<br>♣ शैक्षणिक योजना तर्जुमा- वार्षिक, एकाई र दैनिक<br>♣ विद्यार्थी मूल्याङ्कन: साधन, परीक्षा सञ्चालन, नतिजा विश्लेषण र उपयोग<br>♣ शिक्षण सिकाइमा सूचना तथा सचार प्रविधि(ICT)प्रयोगका कार्यविधि<br>♣ भर्चुअल शिक्षणसिकाइ (Virtual teaching-learning) प्रक्रिया र सुविधा उपयोग<br>♣ विद्यार्थी परामर्श सञ्चालन तथा संयन्त्रव्यवस्थापन | ७ |
| ४ | प्रशासन सुव्यवस्था | ♣ शिक्षक तथा कर्मचारी परिचालन र नियन्त्रण (कार्य विवरण, क्षमता विकास, उत्प्रेरणा, कार्यसम्पादन मूल्याङ्कन, दण्ड र पुरस्कार)<br>♣ भौतिक एवम् शैक्षिक सुविधाको सदुपयोग तथा सुदृढीकरण रणनीति<br>♣ शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) तथा भौतिक अभिलेख व्यवस्थापनतथा प्रयोग<br>♣ शिक्षकर विद्यार्थी आचार संहितापालनाका विविध संयन्त्र<br>♣ सहकार्य तथा नेटवर्किङ कार्यविधि (समुदाय, सरकारी तथा गैरसरकारी निकाय) | ६ |
| ५ | अनुसन्धान र विकास | ♣ अनुसन्धानका प्रकार तथा सुधार एवम् प्रवर्तनका लागि यसको महत्त्व<br>♣ कार्यमूलक अनुसन्धानको प्रक्रिया,सञ्चालन र उपयोग<br>♣ विद्यालय विकास प्रस्ताव निर्माण<br>♣ सिकाइ सङ्गठनका रुपमा विद्यालयविकास तथा सञ्चालन विधि<br>♣ विद्यालयमा ज्ञान व्यवस्थापनका मान्यता र अनुसरण प्रक्रिया<br>♣ निरन्तर पेसागत विकास तथा सिकाइका विविध स्किम | ३ |
| ६ | विविध | ♣ परियोजना कार्यको अभिमुखीकरण<br>♣ नाम दर्ता तथा उद्घाटन र तालिम परिचय<br>♣ तालिम परीक्षा सचालन | ३ |
| | | जम्मा | ३० |

**दोस्रो चरण**

| क्र. स. | विषय क्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| १ | विद्यालय सुधार योजना | ♣ विद्यालय सुधार योजना: सहयोगी पुस्तिका २०६९ अनुसार योजना दस्तावेज मस्यौदा तयारी<br>♣ विद्यालय सुधार योजना दस्तावेजको मूल्याङ्कन(appraisal) | ३ |
| २ | विद्यार्थी मूल्याङ्कनप्रणाली | ♣ निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका,२०६९(प्राथमिक तथा आधारभूत तह) द्वारा निर्धारित सूचकको प्रयोग तथा सिकाइ उपलब्धिको विश्लेषण<br>♣ अक्षराङ्कन पद्धति निर्देशिका,२०७१(संशोधन सहित) अनुसारका मापदण्डका आधारमा सिकाइ उपलब्धिको विश्लेषण<br>♣ मूल्याङ्कनका साधन(विशिष्टीकरण तालिका समीक्षा, प्रश्नपत्रनिर्माण, उत्तर पुस्तिका परीक्षण, आदि) निर्माण र प्रयोग | ३ |
| ३ | स्थानीय पाठ्यक्रम | ♣ स्थानीय पाठ्यक्रम प्रारुप, २०७१ द्वारा निर्दिष्ट सिद्धान्त र ढाँचाका आधारमा पाठ्यक्रम मस्यौदा तयारी | ३ |
| ४ | बालमैत्री विद्यालय | ♣ गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ अनुसारका मापदण्ड पूरा गर्ने बालमैत्री विद्यालय योजना मस्यौदा तयारी | ३ |
| ५ | विद्यालय सुपरिवेक्षण | ♣ विद्यालय सुपरिवेक्षणका तरिका,कार्य र महत्त्व<br>♣ विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण एवम् प्राविधिक सहायताका लागि अपेक्षित विषयसूची(Demand) निर्माण<br>♣ विद्यालय सुपरिवेक्षणमा प्रअ, विव्यस र शिक्षक अभिभावक सङ्घको कार्यसूची(Terms of reference) तयारी<br>♣ विषयगत सिकाइ उपलब्धि पहिचान र आवश्यक सहयोग संयन्त्र निर्माण । | ३ |
| ६ | अतिरिक्त कार्यकलाप व्यवस्थापन | ♣ विद्यार्थीको सर्वाङ्गीण विकासमा अतिरिक्त कार्यकलापको योगदानको विश्लेषण<br>♣ मौजुदा शिक्षा नियमावली र पाठ्यक्रमले निर्धारण गरेका विभिन्न अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने कार्य योजना निर्माण<br>♣ अतिरिक्त कार्यकलाप व्यवस्थापनका लागि आवश्यक स्रोत पहिचान र परिचालनको खाका तयारी ।<br>♣ सहकार्यकलापबाट विश्वास र सम्वन्ध विस्तार योजना । | ३ |

| क्र. स. | विषय क्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| ७ | प्रशासनिक सदाचार तथा नैतिक आचरण | ♣ मौजुदा कानूनमा व्यवस्था भएका पेशागत नैतिक दायित्व तथामानव मूल्य मान्यताको विश्लेषण<br>♣ सान्दर्भिक आध्यात्मिक दर्शनसारर योगाभ्यासको संश्लेषण<br>♣ प्रेरक व्यक्तित्वको योगदान र आचरण समीक्षा<br>♣ नैतिक मूल्य रआध्यात्मिक दर्शनको मर्म अनुकूल आचरण रुपान्तरणको कार्ययोजना तयार | ३ |
| ८ | अनुगमन तथा जवाफदेहिता | ♣ विद्यालय अनुगमन तथा स्वमूल्याङ्कनको साधन निर्माण<br>♣ अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको खाका तयार<br>♣ प्रअका पेसागत र सार्वजनिक जवाफदेहिताका प्रक्रिया तथा तौरतरिका एवम् संयन्त्र- सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टिसर्वेक्षण(Client satisfaction survey) | ३ |
| ९ | विद्यालय व्यवस्थापनका सामयिक प्रवृत्ति | ♣ विद्यालय सञ्चालनमा समसामयिक मान्यताकोमूलमर्म (Essence)एकीकरण-लैङ्गिक समता तथा समानता, अधिकारमा आधारित शिक्षा, जीवनोपयोगी सीप, बहुभाषिक शिक्षा, दूर तथा खुला सिकाइ, शान्ति शिक्षा,प्रारम्भिक पठनसीप(Early grade reading skill) विकास, बहुकक्षा बहुस्तर शिक्षा, व्यवहार कुशलसीप (Soft-Skill), दुर्व्यसन नियन्त्रणर सामाजिक विकृति व्यवस्थापन | ३ |
| १० | विविध | ♣ परियोजना कार्यको अभिमुखीकरण<br>♣ नाम दर्ता तथा उद्घाटन र तालिम परिचय<br>♣ तालिम परीक्षा सचालन | ३ |
| | | जम्मा | ३० |

नोट: एक घण्टा तीस मीनेटको एक सत्र हुनेछ ।

## ६. तालिम कार्यान्वयन कार्यविधि

क. यो आधारभूत र माध्यमिक दुवै तहका प्रअका लागि एकीकृत तालिम पाठ्यक्रम हो । सबै तालिम अप्राप्त सामुदायिक र संस्थागत साधारण विद्यालयका प्रअ यस तालिमका लक्षित समूह हुनेछन् ।

ख. सबै प्रकारका विद्यालयका प्रअका लागि यो साझा तालिम पाठ्यक्रम हुनेछ । तथापि सामुदायिक विद्यालय, नमुना विद्यालय, धार्मिक प्रकृतिका विद्यालय, प्राविधिक धारका विद्यालयतथा

संस्थागत विद्यालयका प्रअको विशिष्ट आवश्यकतालाई सम्बोधन गर्न अलग अलग तालिम प्याकेज प्रयोग गरिने छ ।

ग. तालिमको प्रत्येक चरणको अन्तमा शिक्षक पेसागत विकास प्रारुप, २०७२ अनुसार परीक्षा सञ्चालन र प्रमाणीकरण गरिने छ । प्रत्येक चरणको अन्तमासम्बन्धित शैक्षिक तालिम केन्द्रबाट चरणगत प्रमाणपत्र प्रदान गरिने छ र दुवै चरण पूरा भएपछि शैक्षिक जनशक्ति विकास केन्द्रबाट एकीकृत प्रमाणपत्र जारी गरिनेछ ।

घ. दुवै चरणको दोस्रो स्वाध्यय अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्ने दौरान सन्दर्भ सामग्री अध्ययन, विज्ञसंगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मुलतः प्रत्येक प्रशिक्षार्थीको निजी दायित्व हुनेछ ।यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा ईमेल वा फोनमार्फत अथवा प्रत्यक्ष भेटगरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुनेछ । प्रत्येक चरणको दोस्रो खण्ड पूरा नगर्ने प्रशिक्षार्थी भविष्यमा कुनै पनि प्रकारको तालिमका लागि योग्य हुने छैन ।

ङ. तालिम सहजीकरण गर्दा देहाय अनुसारका न्यूनतम विधिगत मापदण्ड पूरा गर्नुपर्ने छ।

- सामान्यतया शैक्षिक तालिम केन्द्रका विज्ञ प्रशिक्षकबाट तालिम सेसन सञ्चालन गरिनेछ ।विषयको प्रकृतिअनुसार आफ्नो कार्यक्षेत्रमा सफल व्यवस्थापक एवम् उद्यमी जस्तैः वरिष्ठ प्रअ, शिक्षाकर्मी, गैससकर्मी, उद्योग प्रतिष्ठानका पदाधिकारी लगायतलाई प्रशिक्षक बनाउन सकिनेछ ।
- सूचना तथा सञ्चार प्रविधि तथा सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन,समूहकार्य तथा प्रस्तुति,नेतृत्वका सफल अभ्यास,स्थलगत भ्रमण लगायतका विधिको अवलम्बन गरिनेछ ।
- तालिमका क्रममा तोकिएको तालिम प्याकेज लगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिनेछ ।

च. तालिमसम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्याङ्कन गर्न दुबै चरणमा देहाय अनुसारका मूल्याङ्कन अङ्गगत अङ्कभार अनुसरण गर्नु पर्नेछ :

**मूल्याङ्कनका अङ्गगत अङ्कभार**

| क्र. सं. | मूल्याङ्कनका अङ्क | अँक |
|---|---|---|
| १ | नियमितता, सहभागिता रसक्रियता | ५ |
| २ | सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य | १० |
| ३ | लिखित परीक्षा | २५ |
| ४ | स्वाध्याय अभ्यास अन्तर्गत ४ वटा परियोजना कार्य(२.५*४) | १० |
| | जम्मा | ५० |

- प्रत्येक अङ्गको उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ ।

**ग्रेडिङ पद्धति**

- ९० प्रतिशत र सोभन्दा माथि विशिष्टतासहित प्रथम श्रेणी
- ८० प्रतिशत र सोभन्दामाथि णीप्रथम श्रे
- ६५ प्रतिशत र सोभन्दामाथि द्वितीय श्रेणी
- ५० प्रतिशत र सोभन्दामाथि तृतीय श्रेणी
- ५० प्रतिशतभन्दा तल अनुतीर्ण

छ. लिखित परीक्षाका प्रश्नपत्र निर्माण गर्दा सबै विषय क्षेत्रगत विषयवस्तु समेटिने गरी देहाय अनुसारको ग्रिड अवलम्बन गर्नु पर्नेछ:

ग्रिड तालिका

| क्र. सं. | प्रश्नको प्रकार | प्रश्न सङ्ख्या | प्रतिप्रश्न अङ्कभार | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | बहुवैकल्पिक | १० | ०.५ | ५ |
| २ | संक्षिप्त उत्तरात्मक | ५ | ३ | १५ |
| ३ | समस्यामूलक | १ | ५ | ५ |
| | जम्मा | १६ | - | २५ |

**७. परियोजना कार्य**

प्रत्येक चरणको प्रथम तालिम-कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रोस्वाध्यय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्ड बमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छ।

**प्रथमचरणका लागि परियोजना कार्य विशिष्टीकरण मापदण्ड**

यस चरणको दोस्रो खण्ड: स्वाध्याय अभ्यासका लागि जम्मा ६ वटा कार्यहरु निर्धारण गरिएको छ । त्यसमध्ये पहिलो कार्य अथवा विद्यालयविकास प्रस्ताव तर्जुमा अनिवार्य र अन्य ५ वटा मध्ये कुनै ३ वटा छनोट गरी जम्मा ४ वटा परियोजना कार्यहरु सम्पादन गर्न सकिने छ । प्रत्येक परियोजनाको परिणामका (Output) रुपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलगअलग दस्तावेज शैक्षिक तालिम केन्द्रसमक्ष अनिवार्य रुपमा पेश गर्नुपर्ने तथा प्रशिक्षकसमक्ष प्रस्तुतीकरण गर्नुपर्नेछ ।

1. विद्यालयविकास प्रस्ताव (school development proposal) तर्जुमा
   a. विद्यालय स्थापनाको पृष्ठभूमि
   b. विद्यालय-समुदायको आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक विशेषता
   c. सबै कक्षाका विद्यार्थी तथ्याङ्क
   d. विगत ५ वर्षको कक्षा-५, कक्षा-८ रकक्षा-१० र SLC को विद्यार्थी उपलब्धि विवरण
   e. शिक्षकको योग्यता, तालिमतथा विज्ञताको क्षेत्र खुल्ने प्रोफायल
   f. विद्यालयमा मौजुदा आर्थिक स्रोत तथा भौतिक सुविधा विवरण
   g. विद्यालयको सवलता (Strength), कमजोरी (Weakness), चुनौती (Threats) तथा अवसर (Opportunity) जस्ता पक्षहरु समेटी SWOT Analysis
   h. नेतृत्व क्षमता विकासका लागि तालिमका अपेक्षा सूची (Demand proposal)

2. विद्यालयमा शैक्षिक गुणस्तरको (Quality of education) अवस्था लेखाजोखा
   a. प्रअको नेतृत्व प्रयास
   b. उपलब्ध भौतिक तथा सिकाइ सुविधाको उपयोग
   c. शिक्षकको योग्यता, तालिम तथा कक्षा शिक्षणबीचको सम्बन्ध
   d. मावि तहका विद्यार्थीको विगत ५ वर्ष अवधिको विषयगत सिकाइ उपलब्धि तुलना
   e. पाठ्यक्रम लगायत पाठ्य सामग्रीको उपलब्धता
   f. मुख्य चुनौती र अवसर
   g. वर्तमान अवस्था सुधारका लागि सुझाव

3. विद्यालयमा बालबालिकाको पहुँच एवम् समताको (Access and equity) अवस्था समीक्षा
   a. सेवाक्षेत्र भित्रका विद्यालय उमेर समूहका बालबालिकाको जनसङ्ख्या विश्लेषण
   b. विद्यार्थीबीच असमानता, भेदभाव तथा अवरोधका कारण र प्रभाव पहिचान

c. विद्यालयका हालसम्मका प्रयास प्रोफायल
d. विद्यालय बाहिर (Out-of-school) रहेका बालबालिका भर्ना योजना खाका
e. विद्यालय सेवामा शतप्रतिसत (१००%) विद्यार्थी भर्ना घोषणा तयारी योजना

4. समावेशी शिक्षण (Inclusive teaching learning) संयन्त्रको मूल्याङ्कन
    a. विद्यार्थीको विविधीकृत सिकाइ आवश्यकता विश्लेषण
    b. सिकाइ आवश्यकतागत भौतिक तथा शैक्षणिक पूर्वाधार व्यवस्था
    c. शिक्षण तथा मूल्याङ्कनका लागि विविधतायुक्त अभ्यास
    d. अनुभव गरिएका समस्या तथा अवसर
    e. सुधारका लागि प्रस्तावित कार्यसूची

5. सम्बन्धित फिल्डको जीवन्त अनुभव अध्ययन (Internship)
    a. सम्भव भएसम्म नजिकमा रहेको एउटा सामुदायिक र एउटा संस्थागत वा दुईवटै सामुदायिक माविको कम्तिमा ५ दिनसम्म स्थलगत अध्ययन-भौतिक, शैक्षणिक, नेतृत्व तथा विद्यार्थी उपलब्धिको विस्तृत तथ्याङ्क विश्लेषण
    b. मौजुदा स्रोतसाधन परिचालन र विद्यार्थीको नतिजावीच अन्तर सम्बन्ध
    c. अनुभव अध्ययनका आधारमा आफ्नो विद्यालयका लागि सान्दर्भिक सिकाइ सारांश
    d. आफ्नो विद्यालयबाट ती विद्यालयले सिक्न आवश्यक हुने अथवा हस्तान्तरणयोग्य सिकाइ सारांश
    e. आफ्नो सहित तीनवटै विद्यालयका साझा तथा विशिष्ट समस्या र अवसर
    f. सुधारका लागि प्रस्तावित साझा कार्यसूची


6. स्रोत परिचालनको (Resource mobilization) अवस्था लेखाजोखा
    a. विद्यालयका लागि समग्र स्रोत आवश्यकताविश्लेषण
    b. मौजुदा आर्थिक, भौतिक तथा मानवीय स्रोत परिचालनका प्रयास
    c. आर्थिक सुशासन तथा जवाफदेहिता अधिवृद्धिका लागि जारी अभ्यास
    d. अनुभव गरिएका समस्या तथा अवसर
    e. सुधारका लागि प्रस्तावित कार्यसूची

**दोस्रोचरणका लागि परियोजना कार्यविशिष्टीकरण मापदण्ड**

यस चरणको दोस्रो खण्ड: स्वाध्यय अभ्यासका लागि जम्मा ६ वटा कार्य निर्धारण गरिएको छ । त्यसमध्ये कुनै ४ वटा छनोट गर्न सकिने छ । प्रत्येक परियोजनाको परिणामका (Output) रुपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलगअलग दस्तावेज शैक्षिक

तालिम केन्द्रसमक्ष अनिवार्य रुपमा पेश गर्नुपर्ने तथा प्रशिक्षकसमक्ष प्रस्तुतीकरण गर्नुपर्ने छ ।

1. कार्यमूलक अनुसन्धान(Action research) सञ्चालन
   a. प्रअको कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा विद्वानKurth Lewis द्वारा प्रतिपादित निम्नलिखित चक्र अनुसरण गरी कार्यमूलक अनुसन्धान सञ्चालन




   b. प्रतिवेदन लेखन

2. सम्बन्धित फिल्डको जीवन्त अनुभव अध्ययन (Internship)
   a. सम्भव भएसम्म नजिकमा रहेको एउटा सामुदायिक र एउटा संस्थागत वा दुईवटै सामुदायिक माविको कम्तिमा ५ दिनसम्म स्थलगत अध्ययन-भौतिक, शैक्षणिक, नेतृत्व तथा विद्यार्थी उपलब्धिको विस्तृत तथ्याङ्क विश्लेषण
   b. मौजुदा स्रोतसाधन परिचालन र विद्यार्थीको नतिजाबोच अन्तर सम्बन्ध
   c. अनुभव अध्धयनका आधारमा आफ्नो विद्यालयका लागि सान्दर्भिक सिकाइ सारांश
   d. आफ्नो विद्यालयबाट ती विद्यालयले सिक्न आवश्यक हुने अथवा हस्तान्तरणयोग्य सिकाइ सारांश
   e. आफ्नो सहित तीनवटै विद्यालयका साझा तथा बिशिष्ट समस्या र अवसर
   f. सुधारका लागि प्रस्तावित साझा कार्यसूची

3. पाठ्यक्रम (स्थानीय समेत) र पाठ्यपुस्तक कार्यान्वयन(Curriculum implementation) व्यवस्थाको चित्रण
   a. मावि तहको अनिवार्य विषयका पाठ्यक्रम तथा पाठ्यपुस्तकबीचको सम्बन्ध
   b. स्थानीय पाठ्यक्रम विकास र प्रयोग

    c. पाठ्यक्रम एवम् शिक्षण र विद्यार्थीको रुचिबीच तालमेल
    d. बहुभाषिक विद्यार्थीका लागि शिक्षण व्यवस्था
    e. पाठ्यक्रम कार्यान्वयनका चुनौती र अवसर
    f. सुधारका लागि प्रस्तावित कार्यसूची

4. बालमैत्री विद्यालय (Child friendly school-CFS) सिद्धान्तको प्रयोगका लागि CFS Plan तर्जुमा
    a. राष्ट्रिय प्रारुप, २०६७ द्वारा निर्धारित मापदण्ड अनुसार विद्यालयमा मौजुदा भौतिक पूर्वाधार लेखाजोखा
    b. बालमैत्री पठनपाठन सञ्चालनका लागि हालसम्म सम्पादित प्रयास सारांश
    c. अपेक्षा र वास्तविकताबीचको अन्तर
    d. अनुभव गरिएका समस्या र अवसर
    e. बालमैत्री विद्यालयका मापदण्ड हासिल गर्न आगामी एक वर्षका लागि उद्देश्य, लक्ष, कार्यकलाप, कार्ययोजना, स्रोत व्यवस्था तथा अनुगमन संयन्त्र निर्माण

5. अतिरिक्त कार्यकलापको (Extra curricular activity) उपलब्धि लेखाजोखा
    a. पाठ्यक्रम र शिक्षा नियमावलीद्वारा निर्धारित कार्यकलापको सूचीकरण
    b. अतिरिक्त कार्यकलापप्रतिको अपेक्षा र वास्तविकताबीचको तालमेल
    c. विद्यार्थीको रुचिमैत्री पठनपाठन व्यवस्था र अतिरिक्त कार्यकलापबीच अन्तरसम्बन्ध
    d. अनुभव गरिएका समस्या र अवसर
    e. सुधारका लागि कार्ययोजना

6. विद्यार्थी व्यवस्थापनको (Student management) प्राथमिकता र प्रगति समीक्षा
    a. सबै कक्षाका विद्यार्थीको आर्थिक, सामाजिक, पारिवारिक, सांस्कृतिक, भाषिक, धार्मिक तथा सिकाइ आवश्यकतागत पृष्ठभूमि
    b. विद्यार्थी आचार संहिताको पालनाको अवस्था
    c. विद्यालय-विद्यार्थी-अभिभावकबीचको मौजुदा सम्बन्ध
    d. विद्यालय सञ्चालन, पठनपाठन तथा विद्यालयविकास एवम् सामुदायिक सम्बन्ध सुदृढ गर्नविद्यार्थीबाट भएको योगदान
    e. विद्यालयले प्रदान गरेका विद्यार्थी मनोपरामर्श, शैक्षिक परामर्श तथा सिकाइ सहुलियत विवरण
    f. अनुभव गरिएका समस्या र अवसर
    g. सुधारका लागि कार्ययोजना

…………………. **समाप्त** …………………….